# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४
चलानी नम्बर :

**पचास प्रतिशत अनुदानमा मागमा आधारित व्यवसायिक कृषि कार्यक्रमको प्रस्तावना पेश गर्ने सम्बन्धि म्याद थपको सूचना !**

**दोश्रो पटक प्रकाशित मिति २०८३/०६/०१ गते**

यस वाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुको आ.व.२०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम मध्ये प्रथम चौमासिकमा संचालन गरिने कार्यक्रमहरुको लागि सूचना प्रकाशन गरी प्रस्तावना छनौट गर्नु पर्ने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी संस्था तथा कृषि फर्महरुले प्रस्तावना पेश गर्नको लागि मिति २०८३/०५/०१ गते सूचना प्रकाशन गरिएकोमा तपसिलमा उल्लेखित कार्यक्रमको लागि तोकिएको समय भित्र प्रयाप्त मात्रामा प्रस्तावना पेश हुन नआएकोले ७ दिन (मिति २०८३/०६/०७ गते) सम्म प्रस्तावना पेश गर्नको लागि म्याद थप गरिएको ब्यहोरा जानकारी गराइन्छ।

**कार्यक्रम**

| कार्यक्रम | सम्लग्न गर्नुपर्ने आवस्यक कागजात | न्युनतम मापदण्ड |
|---|---|---|
| पचास प्रतिशत अनुदानमा मागमा आधारित व्यवसायिक कृषि बिकास कार्यक्रम | १. कृषक समूह/ कृषि सहकारी/कृषि फर्म/जलउपभोक्ता समिति २०८३ श्रावण ३१ गते भित्र दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण/सुचिकृत भएको)।<br>२. कृषक समूह/ कृषि सहकारी/ जलउपभोक्ता समितिको कार्यक्रम मागको निर्णयको प्रतिलिपी।<br>३. वडा कार्यालयको सिफारिस पत्र।<br>४. करचुक्ता प्रमाण पत्रको प्रतिलिपी।<br>५. कार्यक्रमको मागको निवेदन।<br>६. कृषक समूह/कृषि सहकारी/कृषिफर्म/जलउपभोक्ता समितिको कार्यालय भवनमा राखिएको साईनबोर्डको फोटो।<br>७. कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८ को अनुसूची-२ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नु पर्ने।<br>८. लालपुर्जाको प्रतिलीपी वा जग्गाको क्षेत्रफल खुल्ने कागजात। | एकै ठाउमा ब्यवसायिक रुपमा कम्तिमा तरकारी- ५ कठ्ठा, फलफूल-५ कठ्ठा, च्याउ-५०० वल्व, वीउ उत्पादन-३० कठ्ठा, पुष्प -२ कठ्ठा, नर्सरी-१ कठ्ठा हुनु पर्नै |

**नोटः-** कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

**पुनश्चः** आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुग भएमा नगरपालिका कृषक समूह/कृषि सहकारी/ कृषि फर्मको प्रस्ताव स्वीकृत गर्नका लागि बाध्य हुने छैन।

विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
सम्पर्क नम्बर-९८४१३५२७४७/९८५७६२९३७९

.................

निमित्त प्रमुख
प्रशासकीय अधिकृत